# नेपाल राष्ट्र बैंक

पोखरा कार्यालय

**सवारी साधन (जीप ) खरिद गर्ने बारेको पुनः सिलबन्दी बोलपत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७२/०९/२१**

**पुनः सिलबन्दी बोलपत्र आईपुग्नु पर्ने अन्तिम मिति : २०७२/१०/०५ (दिनको ३:०० बजेभित्र)**

**बोलपत्र खोल्ने मिति : २०७२/१०/०६, समय : दिनको २:०० बजे**

यस कार्यालयको लागि तोकिएको स्पेशिफिकेशन बमोजिम देहाय अनुसारको सवारी साधन आपूर्ति गर्न इच्छुक इजाजत प्राप्त फर्म/संस्था/कम्पनीहरुले देहाय बमोजिमको शर्तहरुको अधीनमा रही रितपूर्वकको पुनः सिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

१. बोलपत्र फाराम यस कार्यालयबाट फर्म/संस्था/कम्पनीको लिखित निवेदन पेश गरी तपशिल बमोजिमको दस्तुर (पछि फिर्ता नहुने गरी) बुझाई खरिद गर्न सकिनेछ।

| बोलपत्र नं | सवारी साधनको विवरण | आवश्यक संख्या | बोलपत्र दस्तुर रु. | बोलपत्र जमानत रु. | बोलपत्र दाखिला गर्ने माध्यम |
|---|---|---|---|---|---|
| PKR/MT/01/72/73 | गाडी (जीप) २१७०-२१९९ cc | १ (एक) | १०,०००।- (दश हजार मात्र ) | १,९५,०००।- (एक लाख पन्चानब्बे हजार मात्र ) | सिलबन्दी दर्ता |

२. बोलपत्र फाराम साथ माथि उल्लेखित बोलपत्र जमानत रकम यस कार्यालय स्थित खाता नं १८०९९९९.०११.०००.५२४ मा जम्मा गरेको सक्कल भौचर वा यस बैंकबाट मान्यता प्राप्त बैंक तथा वित्तीय संस्थाबाट यस बैंकको पक्षमा जारी भएको र बोलपत्र पेश गर्ने अन्तिम मितिले १२० (एकसय बिस) दिन मान्य अवधि (भ्यालिडिटि पिरियड) रहेको बैंक जमानत संलग्न गर्नु पर्नेछ।

३. बोलपत्र फाराम पेस गरेको खामको बाहिरपट्टि शिरमा **"गाडी (जीप) खरिद गर्ने सम्वन्धमा"** भन्ने व्यहोरा लेखी **श्री निर्देशकज्यू नेपाल राष्ट्र बैंक, पोखरा कार्यालय**लाई सम्बोधन गरी बोलपत्र नं. समेत स्पष्टसँग उल्लेख गर्नु पर्नेछ।

४. दर्ता हुन आएका सिलबन्दी बोलपत्रहरु यस कार्यालयमा उपस्थित फर्म/संस्था/कम्पनीका अख्तियार प्राप्त प्रतिनिधिको रोहवरमा खोलिनेछ। तर फर्म/संस्था/कम्पनीका प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

५. ग्राह्यताको आधार तथा त्यस्तो आधार प्रमाणित गर्न बोलपत्रदाताले सिलबन्दी बोलपत्रसाथ देहायका कागजातहरु पेश गर्नुपर्ने छ :

(क) फर्म/संस्था/कम्पनी दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

(ख) मूल्य अभिवृद्धि कर र स्थायी लेखा नम्बर (प्यान) दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

(ग) बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणाको सक्कल प्रति

(घ) आ.ब.२०७१/७२ सम्मको कर चुक्ता प्रमाणपत्र वा कर दाखिला प्रमाणको प्रमाणित प्रतिलिपि

(ङ) बोलपत्रदाता फर्म/संस्था/कम्पनीको Power of Attorney Letter

(च) Manufacturer Authorization Letter .

६. बोलपत्र फारम खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन र बोलपत्र फारम खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा सो कार्य कार्यालय खुलेको पहिलो दिन गरिनेछ।

७. यसै सूचनाको दफा ५ बमोजिमका कागजातहरु संलग्न नभएको, विभिन्न शर्तहरु उल्लेख गरेको बोलपत्र कागजातमा बोलपत्रदाताले उल्लेख गर्नुपर्ने विवरणहरु उल्लेख नगरेको सार्वजनिक खरिद ऐन, २०६३ र नेपाल राष्ट्र बैक खरिद विनियमावली, २०७१ (प्रथम संशोधन समेत) बमोजिम रीत नपुगी आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

८. बोलपत्र खोली स्वीकार गर्ने वा नगर्ने वा कुनै पनि समय बोलपत्र रद्द गर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ।

९. यो सूचना यस बैंकको वेभसाइट www.nrb.org.np मा हेर्न सकिनेछ। यस सम्वन्धी थप जानकारी आवश्यक परेमा कार्यालय खुलेको समयभित्र यस कार्यालयको आन्तरिक प्रशासन फाँटमा सम्पर्क राख्न सकिनेछ।

निर्देशक